यशोधरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८०/८१
चलानी नम्बर :-

**विषय : सिलवन्दी दरभाउ पत्र आह्वानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति : २०८१।०२।२२**

प्रस्तुत विषयमा यस कार्यालयको खरिद समितिको मिति २०८१।०२।२१ गतेको निर्णयानुसार तपशिल अनुसारको कृषि सामग्री खरिद गर्नु पर्ने भएकोले इच्छुक, फर्म, संस्था तथा कम्पनीहरुबाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि के कति दरमा उपलब्ध गराउन सकिन्छ, यो सूचना प्रकाशित भएको मितिले १५ पध्र दिन भित्र रितपूर्वकको सिलवन्दी दरभाउपत्र यस कार्यालयबाट खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र यस यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्न हुन आह्वान गरिन्छ । साथै अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

**तपशिल :**

| क्र.स. | सूचना नं. | कामको विवरण | आवश्यक संख्या | दरभाउपत्र जमानत वापत रकम | दरभाउपत्र दस्तुर | दरभाउपत्र खरिद गर्ने म्याद |
|---|---|---|---|---|---|---|
| १ | सिचाइको लागि विद्युतिय मोटर /०१।०८०।०८१ | Single phase, 2HP Centrifugal Monoblack water pump | दरभाउपत्रमा तोकिए बमोजिम | ३२४००।- | १०००।- | १५ दिने |
| २ | स्प्रेयर टंकी/०२।०८०।०८१ | इलेक्ट्रानिक, कम्तिमा १६ लि. क्षमता भएको र गन सहित स्प्रेयर टंकी | दरभाउपत्रमा तोकिए बमोजिम | ४८१११।- | १०००।- | १५ दिने |

२०८१।२।२२
(रामचन्द्र ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरु :**

- शिलवन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक व्यवसायीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन मिति २०८१।०३।०४ गते सम्म कार्यालय समयभित्र चालु आ.ब. को लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र वा मू.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. ०७९।०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि यस कार्यालयमा दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको सक्कलै पत्र निवेदन साथ पेश गरी नियमानुसार लाग्ने रु. १०००।- अक्षरेपी एक हजार राजश्व दस्तुर फिर्ता नहुने गरी बुझाइ यस श्री यशोधरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बैदौलीको नाममा रहेको सिद्‌यार्थ बैंक लि. यशोधरा शाखाको खाता नं. ०२७१५२२९६६१ मा जम्मा गरी सोको बैंक भौचर पेश गर्नु पर्ने छ ।
- खरिद गरिएका शिलवन्दी दरभाउपत्र फारम र स्थायी लेखा नं. दर्ता प्रमाणपत्र, शिलवन्दी दरभाउपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०८१।०३।०५ गते दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी फारम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहि छाप गरी शिलवन्दी लाहा छाप लगाइ

# यशोधरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८०/८१
चलानी नम्वर :-

खामको बाहिर कामको विवरण, सुचना नं. समेत उल्लेख गरी यस गाउँपालिका कार्यालयको शिलवन्दी दरभाउ पत्र पेश गर्दा तोकिएको समय भित्र दर्ता गराइ सक्नु पर्ने छ । यो शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे भित्र कार्यालयका प्रतिनिधि र दरभाउपत्र दर्ता वा निजको प्रतिनिधि रोहबरमा खोलिने छ । दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि दरभाउ पत्र खोल्ने बाधा पर्ने छैन ।

- शिलवन्दी दरभाउ पत्र साथ जमानत वापत माथी उल्लेखित बमोजिमको जमानत रकम श्री यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नाममा सिद्‌यार्थ बैंक यशोधरा शाखामा रहेको खाता नं. ०२७१५०८३९३५ (02715083935) मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मन्यता प्राप्त बैकबाट जारी गरिएको दरभाउ पत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ६० दिन अवधि रहेको सक्कल जमानत पत्र संलग्न गरी पेश गर्नु पर्ने छ । यसरी पेश गर्ने जमानत वापतको भौचर रसिद यो सूचना प्रकाशित भएको मिति पछिको लाइ मान्यता दिइनेछ ।
- दरभाउ पत्रमा कवोल गरेको दररेट अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाइ मान्यता दिने छ । केरमेट भएको ठाउँमा सहि छाप गरेको हुनु पर्नेछ ।
- म्याद पछि आएको वा रित नपुगेको वा कुनै पनि शर्त राखी गरेको दरभाउ पत्र उपर कुनै कार्यावाही हुने छैन ।
- शिलवन्दी दरभाउ पत्र सम्बन्धित सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यस उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमवाली २०६४ तथा नेपाल सरकारको प्रचलित कानुन अनुसार हुने छ ।
- शिलवन्दी दरभाउ पत्र खरिद गर्न तथा पेश गर्न अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमश : कार्यालय खुलेको अर्को दिन हुने छ ।
- शिलवन्दि दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
- अन्य कुरा बुझनु परेमा यस गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत